................. महा/उपमहा/नगर/गाँउ पालिका

## सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम

## रिटर्नि स्वयंसेवकको कार्य विवरण

कार्य विवरण

काठमाडौं महानगरपालिका नगर कार्यपालिकाको कार्यालय कमलादी, काठमाडौं बागमती प्रदेश, नेपाल २०७३

पदः रिटर्नी स्वयंसेवक (Returnee Volunteer)
सुपरभाईजरः पालिकाले तोकेको सामी सम्पर्क व्यक्ति/जिल्ला कार्यक्रम संयोजक
कार्यक्षेत्रः पालिकाको क्षेत्र अन्तर्गत तोकिएका वडाहरू,
प्रतिवेदन पेश गर्नुपर्नेः पालिकाले तोकेको सामी सम्पर्क व्यक्ति/जिल्ला कार्यक्रम संयोजक

**कार्य उद्देश्य**

हाल वैदेशिक रोजगारीको नाममा गाउँगाउँमा बिचौलियाहरुको (एजेन्ट) बाक्लो उपस्थिति रहेको र यिनिहरुले विभिन्न किसिमका प्रलोभन, झुठा आश्वासन, गलत जानकारीहरु टोलटोल, घरघरमा फैलाएर वैदेशिक रोजगारीमा पठाउने नाममा ठग्ने प्रवृति अधिकरुपमा देखिएकोले त्यस्ता किसिमका भ्रमपूर्ण जानकारी तथा सुचनाहरुलाई निस्तेज पार्न तथा सत्य, तथ्य सूचना तथा जानकारीहरु स्थानीय स्तरमै टोलटोल, घरघरमै जानकारी गराई हुनसक्ने सम्भावित ठगि तथा समस्याहरुबाट जोगाउनका लागि स्वयं वैदेशिक रोजगारीमा गएर फर्केका युवाहरुलाई रिटर्नि स्वयंसेवक (Returnee Volunteer) को रुपमा परिचालन गरिनेछ।

रिटर्नि स्वयंसेवक वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित तथा लाभदायक बनाउन र वैदेशिक रोजगारका लागत न्युनिकरण गर्न सहि सूचना तथा जानकारी र आप्रवासी स्रोत केन्द्र/उप–केन्द्रको सेवाहरुको बारेमा घरघरमा जानकारी गराई समुदायलाई सचेत गराउन क्रियाशिल रहनेछ। समुदायबाट वैदेशिक रोजगारीमा जाने प्रकृयामा रहेका, वैदेशिक रोजगारीमा रहेका, वैदेशिक रोजगारीबाट फर्किएका र तिनका परिवारका सदस्यहरुलाई सुसूचित गर्ने, आप्रवासी श्रमिक सञ्जालका क्रियाकलापहरू सञ्चालनमा सहयोग तथा आबद्ध गर्ने, ठगि तथा समस्या समाधानका लागि आफ्ना अनुभवको आधारमा प्रयास गर्ने तथा आप्रवासी स्रोत केन्द्र/उप–केन्द्रमा समन्वय तथा सम्पर्क गराउने कार्य प्रति जवाफदेही हुनेछ।

**क) कार्य जिम्मेवारीः**

पालिकाले तोकेको सम्पर्क ब्यक्ति/जिल्ला कार्यक्रम संयोजकको प्रतक्ष्य निरीक्षणमा रही रिटर्नि स्वयंसेवकले निम्न बमोजिमका कार्यहरु गर्नुपर्नेछः

१. आफ्नो कार्यक्षेत्रमा सुरक्षित वैदेशिक रोजगारीका लागि सत्य तथ्य सूचना तथा जानकारीहरु प्रदान गरि स्वःनिर्णय लिन सहयोग गर्ने र सुचनामुलक सामग्रीहरु वितरण गर्ने।
२. बैदेशिक रोजगार बिभाग, कन्सुलर सेवा बिभाग, बैदेशिक रोजगार बोर्ड, सामाजिक सुरक्षा कोष लगायतबाट बैदेशिक रोजगारमा जानेलाई प्रदान गरिने सेवा सुबिधाबारे जानकारी लिइ ती सेवा सुबिधा के, कसरी लिने भन्नेबारेका प्रकृयामा सम्बन्धित ब्यक्तिलाई जानकारी तथा सहजिकरण गर्ने,
३. श्रम स्विकृती किन चाहिन्छ भन्नेबारे समुदाय तथा लक्षित वर्गमा जानकारी गराउने र लक्षित वर्गलाई श्रम स्विकृती र पुन श्रम स्विकृतीबारे जानकारी गराउने,

CS CamScanner

४. वैदेशिक रोजगारसंग सम्वन्धित समस्याहरु जस्तै, ठगी, जालसाँजी, सम्पर्क विहिन, दुर्घटना, स्वास्थ्य समस्या भएका, जेलपरेका, मृत्यु, अपांगता भएका, आर्थिक सहायता वा क्षतिपुर्ती नपाएका आदीको पहिचान र आवश्यक सहयोगका लागि आप्रवासी स्रोत केन्द्र/उप–केन्द्रमा पठाउने ।
५. आफ्नो कार्यक्षेत्रमा संभावित आप्रवासी कामदारहरुको पहिचान गरी आप्रवासी स्रोत केन्द्र/उप–केन्द्रमा परामर्श लिनका लागि पठाउने ।
६. समुदायबाट वैदेशिक रोजगारीमा जाने प्रकृयामा रहेका, वैदेशिक रोजगारीमा रहेका, वैदेशिक रोजगारीबाट फर्किएकाहरुको सूचना राख्ने र तथ्याङ्क संकलन गर्ने,
७. जनप्रतिनीधि, राजनीतिकर्मी, कर्मचारी तथा विभिन्न सरोकारवाला संघ/संस्थाहरुका सामाजिक परिचालकहरु, समिति उपसमितिका पदाधिकारीहरुसँग समन्वय गरि आधारभूत सूचना प्रवाह गर्ने ।
८. स्थानीय सरकार तथा जिम्मेवार सरोकारवाला संस्थाहरुबाट सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी थप क्रियाकलापहरु नियमित रुपमा सञ्चालन गर्न नीति, कार्यविधि, कार्यक्रम र थप बजेटको लागि पहल गर्ने ।
९. स्थानीय तहमा हुने क्रियाकलापहरुमा सञ्चार तथा ब्यवस्थापकीय सहयोग गर्ने ।
१०. आप्रवासी श्रमिक सञ्जाल, कृषी समुह, सहकारी लगायत सुरक्षित आप्रवासन सँग सम्बन्धित कक्षा सञ्चालनका लागि समुह गठन तथा सञ्चालन गरिने कार्यक्रमहरुमा सहयोग गर्ने ।
११. आप्रवासी स्रोत केन्द्र/उप–केन्द्रका सेवाग्राही/आगन्तुकहरुको नियमित Follow-up गर्ने ।
१२. संभावित आप्रवासी कामदारहरुलाई सुरक्षित आप्रवासन सम्बन्धी चेतनाजागरण गर्नुका साथै सीप तालिमको लागि जानकारी लिन आप्रवासी स्रोत केन्द्रको सम्पर्कमा पठाउने ।
१३. आफ्नो कार्यक्षेत्र भित्र घरदैलो कार्यक्रम तथा सवाल, मुद्दाहरुको अनुगमन, अनुशरण र फलोअप गर्ने ।
१४. सुरक्षित आप्रवासन सम्वन्धी कार्यक्रमहरुमा आफ्नो अनुभवहरु आदान प्रदान गर्ने ।
१५. आफूले सम्पादन गरेको कामको प्रतिवेदन तोकिएको ढाँचामा पेश गर्ने ।
१६. कार्यक्रमको आवश्यकता अनुसार तथा सुपरभाईजरले तोकेको अन्य कार्यहरु गर्ने ।

ख) शैक्षिक योग्यताः न्यूनतम कक्षा ८ उतिर्ण गरेको ।

ग) अनुभव तथा क्षमताः खाडी मुलुक वा मलेसियामा गई कम्तिमा १ वर्ष काम गरेको अनुभव भएको । सुरक्षित बैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिइनेछ ।

काठमाडौं महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कमलादी, काठमाडौं
बागमती प्रदेश, नेपाल
२०७३

CamScanner